गोसाईकुण्ड गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय स्याफ्रुवेशी, रसुवा

३ नं. प्रदेश, नेपाल

**बोलपत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति:- २०७६।१०।०२**

यस गाउँपालिकाको आ.व.२०७६/०७७ को स्थानीय र प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट निर्माण हुने देहायका कार्यहरु बोलपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले इच्छुक तथा योग्य नेपाली बोलपत्रदाताहरुबाट आ-आफ्नो फर्मदर्ता, आयकर दर्ता, मूल्यअभिबृद्धि कर दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization र आ.व.०७५।०७६ को करचुक्ता प्रमाणपत्र लगायतका नियमानुसारका अन्य आवश्यक कागजातका प्रमाणित (नोटरी पब्लिकबाट) प्रतिलिपिहरु संलग्न राखी रितपुर्वकको छुट्टा छुट्टै शिलबन्दी बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र नं. | कामको विवरण | भ्याट बाहेकको लागत अनुमान रु. | बोलपत्र जमानत रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| गोगापा/निका/३/०७६/७७ | धुन्चे बालमन्दीर खेल मैदान निर्माण | ४२,५०,०००/- | १,३५,०००/- | ३,०००/- |
| गोगापा/निका/४/०७६/०७७ | सामुदायिक प्रिफेव भवन निर्माण | ४२,५०,०००/- | १,३५,०००/- | ३,०००/- |

१. बोलपत्र सम्बन्धी कागजात तोकिएको बोलपत्र दस्तुर नगदै बुझाई वा यस गा.पा.को धुन्चे स्थित नेपाल बैंक लि.को सञ्चित कोष खाता नं. १११०३००००००००४००१००४ मा जम्मा गरेको सक्कल भौचर पेश गरी गोसाईकुण्ड गाउँकार्यपालिकाको कार्यालय स्याफ्रुवेशी, रसुवा र कोष तथा लेखा नियन्त्रक कार्यालय, रसुवाबाट खरिद गर्न सकिने छ।

२. बोलपत्रसाथ जम्मा गर्नु पर्ने जमानत बापतको उल्लेखित रकम यस कार्यालयको धुन्चे स्थित नेपाल बैंक लि.को धरौटी खाता नं. १११०३००००००००३००००००४ मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा मान्यताप्राप्त बैंकबाट जारी भएको कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत पत्र (बैंक ग्यारेन्टी) पेश गर्नु पर्ने छ।

३. बोलपत्र खरिद गर्ने अन्तिम मिति २०७६।११।०२ गते कार्यालय समय भित्र हुनेछ । उक्त दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खुल्ने पहिलो दिनको कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।

४. बोलपत्र पेश गर्ने अन्तिम मिति २०७६।११।०४ गते दिनको १२ बजेसम्म हुनेछ ।

५. शिलबन्दी बोलपत्र दर्ता गर्ने र खोलिने स्थान गोसाईकुण्ड गाउँकार्यपालिकाको कार्यालय स्याफ्रुवेशी, रसुवा हुने छ । शिलबन्दी बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा मिति २०७६।११।०४ गते दिनको १३ बजे खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. समयभित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको बोलपत्र माथि कुनै कारवाही हुने छैन ।

७. कुनै कारण जनाई वा नजनाई शिलबन्दी बोलपत्र रद्ध गर्ने, स्वीकृत गर्ने, अस्वीकृत गर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८. बोलपत्रदाताले आफुले कबोल गरेको अंक मूल्यअभिबृद्धि कर बाहेकको हुनुपर्नेछ ।

९. बोलपत्रमा दरेट स्पष्टरुपमा अंक र अक्षरमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई आधार मानिने छ।

१०. बोलपत्र सम्बन्धी विविध बिषयमा छलफल गर्ने मिति २०७६।१०।२२ गते दिनको ११ बजे यस गाउँ कार्यपालिकाको कार्यालयमा प्रि-बिड मिटिङको आयोजना गरिने छ ।

११. निर्माणको कार्यस्थलहरु गोसाईकुण्ड गाउँकार्यपालिकाको वडा नं. ५ र ६ मा रहेका छन् ।

१२. यो सूचना गोसाईकुण्ड गाउँकार्यपालिकाको कार्यालयको website www.gosaikundamun.gov.np मा समेत हेर्न सकिनेछ ।

१३. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछन् । सूचनामा उल्लेख नभएका अन्य बिषयहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ एवं अन्य प्रचलित कानून बमोजिम हुनेछ र सूचना सम्बन्धी थप जानकारीका लागि यस गाउँपालिकाको फोन नं.०१०५४१०९७ वा ०१०५४१०८८ वा ९८५१२३३०७७ मा सम्पर्क राख्न सकिनेछ ।

२०७६।१०।१२

**देवीलाल सापकोटा**

**प्रमुख प्रशासकीय अधिकृत**